(वीर सहिदहरुको संस्मरणमा कीर्तिपुर,काठमाडौंबाट प्रकाशित)

जि.प्र.का.दर्ता न ५८/२०६३

सहिद

SAHID WEEKLY साप्ताहिक

वर्ष १२, अंक २३, पृष्ठ- ६ ने.सं. ११३५ गुंला गा, षष्ठी, वि. सं. २०७२ भाद्र १८ गते शुक्रबार SEP. 2015 मूल्य रू. ५।-

सुगर निको पार्ने

अब मुख बार्नु पर्दैन १५ पटक रक्तसंचार म्याग्नेटिङ्ग थेरापी, ३ महिना डाइबाकोन जिम्नेमा सप्लिमेन्ट खानुहोस् । नयाँ पुरानो सबै खाले सुगर निको वा नियन्त्रणमा राख्न सकिन्छ । अनि भात, आलु, सुन्तला जे मन लाग्छ खानुहोस् प्रवाह छैन । यो विज्ञापन मात्र होइन । काम नगरे, सन्तुष्टि नभए पैसा फिर्ताको ग्यारेन्टी छ ।

फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग

कीर्तिपुर, बाहिरीगाउँ (नेपाल टेलिकमको ठीक अपोजिट)

फोन नं. ४३३६७०१, ९८०३५०२२५९

संविधान निर्माण अन्तिम चरणमा
देशको भविष्य निर्धारण ध्वनी मत "हुन्छ" र "हुन्न"मा भर

२१ औं शताब्दीमा नेपालले ७ दशक देखिको प्रयास संविधानसभाबाट संविधान निर्माण अन्तिम चरणमा पुगेको छ ।

संविधान सभाको पछिल्लो कार्य तालिका अनुसार यही भाद्र १९ गतेभित्र संविधान मस्यौदा देखि संशोधन प्रस्ताव पेश गर्ने समय दिएको छ ।

१९ गतेपछि संशोधन प्रस्ताव पेश गर्नु हुने सभासद्हरु र पार्टीका नेताहरुलाई संशोधन प्रस्तावलाई पेश गर्न लगाउने र फिर्ता गर्ने समय दिनेछन् ।

त्यसपछि हरेक संशोधन प्रस्तावमा निर्णायक मतको लागि सभामुखले टेवुल गर्नेछ । बहुमतले हुन्छ भनेमा संशोधन प्रस्ताव पारित गरी संशोधन प्रस्ताव पारित गरी संशोधन गरिन्छ भने हुन्न भनेपछि यथावत पेश गरेको संविधान मस्यौदा पारित हुँदै जानेछ ।




देशको भविष्य निर्धारणको रुपमा लिएको संविधानसभाद्वारा पहिलो पटक ऐतिहासिक जारी हुने संविधान हुन्छ र हुन्न ध्वनी मतले फैसला गर्नेछ ।

देश जलिरहेको छ चार शासल दल जसरी पनि संविधान जारी गर्ने अन्तिम गृहकार्यमा रहेको छ । अब जलिरहेको देशका नागरिकहरुको माग संवोधन गरेन भने त्यो संविधानको केही तुक हुने छैन ।

नेपाली जनताको आन्दोलनबाट प्राप्त प्रजातन्त्र र संघीय गणतन्त्र संस्थागत गर्न सबै नागरिकहरुको कर्तव्य रहँदा रहँदै पनि शासक दलहरुको गैर जिम्मेवारी, अदुरदर्शी निर्णय, अवैज्ञानिक संघीय सीमाङ्कनले मुलुक द्वन्द्व फसेको सबैले महसुस गरेका छन् । सत्तासिन दलहरुले बेलैमा बुद्धि पऱ्याउनु जरुरी छ ।

त्रिविले इज्जतदार उपकुलपति कहिले पाउने



त्रिभुवन विश्वविद्यालय देशको जेठो विश्वविद्यालय हो भनेर शीर उच्च पार्न सफल भएपनि इज्जतदार उपकुलपति भएर काम गर्ने वातावरण गणतन्त्र नेपालपछि कहिले पाएन ।

भन्ने गरिन्छ माल पाएर के गर्ने चाल पाएन । त्रिवि जस्तो ठूलो र राज्यको एउटा शैक्षिक केन्द्रको रुपमा स्थापित भएतापनि उपकुलपति नियुक्तिको

क्रमश: ५ पृष्ठमा

काठमाडौंमा बढाइयो निषेधित क्षेत्र

काठमाडौं । संविधान जारी हुने दिन नजिकिदै जाँदा सरकारले राष्ट्रपति कार्यालयलगायतका क्षेत्रमा सुरक्षा संवेदनशील क्षेत्र भन्दै निषेधित क्षेत्र तोकेको छ ।

जिल्लाको सुरक्षा संवेदनशीलतालाई ध्यान दिंदै यसअघि तोकिएका निषेधित क्षेत्रमा पुनरावलोकन गरिएको जिल्ला प्रशासन कार्यालय काठमाडौंले जनाएको छ ।

यसअघि काठमाडौंमा संविधानसभा भवनको चारैतर्फ र सिंहदरवार वरपरको क्षेत्रमा मात्र निषेधित क्षेत्र तोकिएको थियो । अहिले संविधानसभा भवन, सिंहदरवार क्षेत्रमा पनि निषेधित क्षेत्र थप बढाइएको छ ।

त्यसलगायत राष्ट्रपति कार्यालय, उपराष्ट्रपति कार्यालय, प्रधानमन्त्री निवास, संविधानसभाका अध्यक्षको निवास लगायतको क्षेत्रमा पनि निषेधित क्षेत्र तोकिएको छ । निषेधित क्षेत्रमा धर्ना तथा जुलुस प्रदर्शन गर्न पाईदैन ।

काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेलले विज्ञप्ति जारी गरी निषेधित क्षेत्रको बारेमा जानकारी गराएको छन् ।

काठमाडौंको कुनु-कुन ठाउँ हुन् निषेधित क्षेत्र:

१) राष्ट्रपतिको कार्यालय कम्पाउण्डरको प्रवेशद्वारको उत्तरतर्फ ५० मिटरसम्म र दक्षिणतर्फ नेपाल प्रहरीको २ नं. गण जाने बाटोसम्म ।

२) उपराष्ट्रपतिको कार्यालय अगाडि कम्पाउण्ड क्षेत्र ।

३) प्रधानमन्त्रीको निवास-नेपाल राष्ट्र बैंकको गेटदेखि उत्तर रसियन दूतावासको पश्चिमतर्फ पानीपोखरी जाने भित्री सडकसम्म, प्रधानमन्त्री निवास १ नं. गेट हुँदै प्रधान न्यायाधीस निवासभन्दा ५० मिटर पश्चिमको क्षेत्र ।

४) संविधानसभाका सभाध्यक्षको बालुवाटारस्थित निवास अगाडिको बाटो हुँदै पूर्वमा राष्ट्र बैंक अगाडिको चौबाटोको पश्चिमी किनारसम्म र पश्चिममा खुर्सानीटार जाने बाटोको उत्तरी किनारसम्म ।

५) संविधानसभाका भवनको दक्षिणतर्फ पूर्वी कुना र दक्षिणमा मिनभवन क्याम्पस जाने बाटोको पश्चिम कुनादेखि पश्चिममा बानेश्वर चोकबाट ७५ मिटर पश्चिमको सडकसम्म सडकको पूरै भाग ।

६) संविधानसभा भवनको पश्चिमतर्फ थापागाउँ जानेबाटोको दक्षिण किनारादेखि नयाँ बानेश्वर चोकसम्मको सम्पूर्ण सडक खण्ड ।

७) भद्रकाली मन्दिरपूर्व तीनकुने आईल्याण्डको पूर्वी कुनादेखि पूर्व सिंहदरवार मूल गेटसम्म, सिंहदरवार मूल गेट अगाडिदेखि उत्तरतर्फ पद्मोदय मा.वि.को मोडसम्म, सिंहदरवार मूल गेट अगाडिदेखि दक्षिणतर्फ माईतीघर मण्डलासम्म, बबरमहलस्थित जिल्ला अदालत प्रवेश मार्ग देखि जिल्ला प्रशासन कार्यालय हुँदै हनुमान मन्दिरसम्म ।

८) माइतीघर मण्डलादेखि सिंहदरवार दक्षिण गेट हुँदै हुनमानस्थानसम्म ।

कीर्तिपुर नपा र फेक्ट-नेपालबीच सम्झौता

कीर्तिपुर नगरपालिका र जन स्वास्थ्य सरोकार ट्रष्ट (फेक्ट-नेपाल) बीच भाद्र ११ गते शुक्रबार कीर्तिपुरस्थित ट्रष्टको कार्यालयमा एक सम्झौता भयो ।

सम्झौतामा नगरपालिकाको तर्फबाट कार्यकारी प्रमुख नूरहरी खतिवडा र फेक्टको तर्फबाट संस्थापक कार्यकारी निर्देशक डा. भरतकुमार प्रधानले हस्ताक्षर गरिएको छ ।

सम्झौता अनुसार व्यवस्थापन समिति १३ जनाको गठन गरिनेछ जसको अध्यक्षता कीर्तिपुर नगरपालिकाका प्रमुख हुनेछ र सदस्य सचिव कीर्तिपुर अस्पतालका निर्देशक र उपाध्यक्षमा ट्रष्टका प्रतिनिधि रहने गरी गठन हुने समितिको ५ वटा मुख्य शर्तहरु रहनेछन् ।

शर्तमा अस्पताल व्यवस्थापन समिति, व्यवस्थापन समिति गठन, मूल अवधारणा, समितिका दायित्वमा विभाजन गरिएको छ ।

कीर्तिपुर नगर क्षेत्रमा हालसम्म पनि पर्याप्त मात्रामा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुन नसकिरहेको अवस्थामा २०५१ सालमा फेक्टले प्राप्त गरेको ५२ रोपनी जग्गामा निर्मित कीर्तिपुर अस्पतालबाट आम कीर्तिपुरवासीको लागि आधारभूत स्वास्थ्य सेवा सरल तथा सुलभ रुपमा पाउने नागरिकको अधिकारलाई यो सम्झौतापछि कसरी कार्यान्वयन गरिनेछ, हेर्न बाँकी छ ।

(सम्झौताको पूर्ण विवरण पृष्ठ ५ मा)

टेबुलटेनिस प्रतियोगिताको सूचना

शारीरिक शिक्षा तथा खेलकुद समाज (सोफेस) नेपालले यही २०७२ भाद्र २५ र २६ गते नगद पुरस्कारसहित चौंथो विद्यालय स्तरीय खुल्ला टेबलटेनिस प्रतियोगिता (छात्र र छात्रा सिङ्गल, १२ वर्षमुनिका छात्र र छात्रा सिङ्गल तथा छात्र र छात्रा टिम इभेन्ट) सञ्चालन गर्ने भएको हुँदा इच्छुक विद्यार्थीहरू (कक्षा १० र सोभन्दा मुनिका कक्षामा अध्ययनरत) लाई सहभागिताको लागि २०७२ भाद्र २३ भित्र विद्यालयको सिफारिससहित नाम दर्ता गर्न हुन सूचित गरिन्छ ।

प्रवेश शुल्क:

- छात्र र छात्रा सिङ्गल्जको लागि रु. ३००।- प्रति सहभागी
- १२ वर्षमुनिका छात्र र छात्रा सिङ्गल्जको लागि रु. २००।- प्रति सहभागी
- छात्र र छात्रा टिम इभेन्टका लागि रु. ७००।- प्रति टिम
- पुरस्कार छात्र र छात्रा सिङ्गल्जका लागि प्रमाणपत्र र मेडलसहित प्रथमलाई रु. १०,०००।- दोस्रालाई रु ५०००।- र तेस्रा दुई जनालाई रु. २०००।-
- १२ वर्षमुनिका छात्र र छात्रा सिङ्गलका लागि प्रमाणपत्र र मेडलसहित प्रथमलाई रु. ५,०००।- दोस्रालाई रु. २०००।- र तेस्रा दुई जनालाई रु. १०००।-
- टिम इभेन्टको हकमा प्रमाणपत्र, मेडल र ट्रफि मात्र प्रदान गरिने छ ।

प्रतियोगिता हुने स्थलः पुष्पकुञ्ज हाइ स्कूल, सामाखुसी, काठमाडौं

प्रतियोगितासम्बन्धी नियम र प्रवेश फारामको लागि सम्पर्क स्थान:

१. सोफेस नेपालको कार्यालय, कीर्तिपुर नगरपालिका - १७, बाहिरीगाउा, कीर्तिपुर । (फोन नं.: ४३३०८००, ९८५१०६७८९३)
२. पुष्पकुञ्ज हाइस्कूल, सामाखुसी, काठमाडौं। (फोन नं : ४३५०४९८)
३. जनसेवा उच्च मा. वि., कीनपा - १२, पाँगा । (फोन नं.: ४३३०८८०, ४३३१९८२)

आवश्यकता

यस कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.द्वारा स्थापना र सञ्चालन गर्न लागेको **"कीर्तिपुर सहकारी खानेपानी उद्योग"** *को कारखाना र* Plant Layout *को डिजाइन तथा इष्टिमेट गराउनु पर्ने भएकोले इच्छुक दर्तावाला कन्सल्टेन्सीले यस संस्थामा मिति २०७२ भाद्र ३१ गतेभित्र सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।*

कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.

की. न. पा-१७, नयाबजार

फोन नं.: ४-३३०६०९/३३५५५१

kirtipurcoop@gmail.com

ऐतिहासिक जनअन्दोलन २०४६
चैत २० गते शहादत अमर सहिद



लनबहादुर महर्जन वि सं. २००६ माघ | हिराकाजी महर्जन वि सं. २०१७ माघ | राजमान माली वि सं. २०२५ मंसिर | राजेन्द्र महर्जन वि.सं. २०३० चैत

सहिद साप्ताहिक

वर्ष १२, अंक २३, २०७२ भाद्र १८ गते शुक्रबार

शंखापुर प्रकाशन समूहको लागि

सम्पादक/प्रकाशक: नारायण महर्जन
कम्प्यूटर टाइप/सेटिङ्ग: सहिद डेक्सटप
सम्पर्क कार्यालय: जहुँ हिटी युवा क्लब - ११
पाँगा, कीर्तिपुर, फोन नं. ४३३०५८३, ९८४१४३६०२२
E-mail:- kipushahid@hotmail.com
kipushahid@gmail.com
www.kipushahid.blogspot.com
मुद्रण : शर्मिला प्रिन्टर्स्, डल्लु, काठमाडौं

सम्पादकीय...

भग्नावशेष पन्छाउनु कीर्तिपुर नपाको पहिलो दायित्व

२५ लाख कार्यान्वयन गर

२०७२ बैशाख १२ गते भूकम्पाबाट कीर्तिपुर क्षेत्रमा धेरै मानवीय र भौतिक क्षति भएको थियो । मानवीय क्षतिको पूर्ति नगद र खाद्यवस्तले उपलब्ध गराएर मात्र असम्भव थियो । तर हुनु भैसक्यो दुःख मनाएर मात्र जीवन अगाडि बढ्दैन ।

मानवीय र भौतिक क्षतिको लागि राज्यबाट तत्कालको लागि १५ हजार पूर्ण क्षति भएकालाई, ४० हजार कृया खर्च प्रत्येक मृतक परिवारलाई उपलब्ध गरायो भने मृतक परिवारलाई १ लाख खर्च दिइ सकेका छन् ।

भौतिक क्षति भएकालाई अब २ लाख र सहुलियत ऋणको बन्दोबस्त गर्न बाँकी छन् । ती रकमको सदुपयोग र वितरण गर्ने संस्था भनेको स्थानीय सरकार नगरपालिकाको हो ।

नगरपालिका आफैले पनि भूकम्पको सुरुको दिनमा राहत कोषको स्थापना गरी २० लाख नगद छुट्याएको थियो । त्यसबाट प्रति मृतकलाई ५ हजार दिइसकेको छ भने अरु कहाँ-कसरी खर्च भयो कुन्नी ?

२१ औं नगरपरिषद्मा भग्नावशेष माटो पन्छाउन २५ लाख विनियोजन गरिएको छ, त्यो नगद कहिले प्रयोग गरिने, कसरी प्रयोग गरिने टुङ्गो लगाउन बाँकी छ ।

अहिले भूकम्प पीडितको ठूलो पीडा पूर्ण क्षति घर भत्काउने र भग्नावशेष पन्छाउनमै चिन्तित र व्यस्त देखिन्छ । त्यसैले नगरपालिकाले छुट्याएको २५ लाख तुरन्तै कार्यान्वयनमा ल्याई आगामी दशैंसम्ममा सम्पूर्ण कीर्तिपुर क्षेत्रको भग्नावशेष पन्छाउन सके पीडितको पीडामा मलम लगाए जस्तो हुनेछ ।

नागरिकताको सवालमा

✍ श्रीकृष्ण महर्जन
पूर्व उपसचिब
(सूचना तथा संचार मन्त्रालय)



कुनै देशको नागरिकता हुनु प्रत्यक्ष रुपमा राष्ट्रसँग जोडिएको कुरा हो । देश सानो होस् या ठूलो होस् नागरिकता महत्वपूर्ण र संवेदनशील छ । बेलाबेलामा हाम्रै संचार मिडियामा द्वैध नागरिकता भएका व्यक्तिहरु राजनैतिक पार्टीहरुको उच्चतहमा, नेपाल सरकारको उच्चतहमा र नेपालको बिधायिकामा समेत पुगेको खुलासा गरेको भेटिन्छ ।

विभिन्न जिल्लाहरुमा नागरिकता वितरण गर्दा राजनैतिक दलहरुको सिफरिसमा छिमेकी देश भारतका मानिसहरुले ४० लाखको संख्यामा नागरिकता प्राप्त गरेको नेपाली पत्रपत्रिकामा पढेकै हो । त्यसको लेखाजोखा नेपाल सरकारसँग अझ बाँकी होला । आफ्नो दलले चुनाव जित्नको लागि सस्तो बनायो नेपालका केही राजनैतिक दलले । जुन काम नेपाली मनले गर्न सक्तैन र गर्नहुँदैन । तर नेपालका ठूलो भनाउँदो पार्टीहरुले दिईयो । जानेर हो या नजानेर भारतीयको गुलामी बन्नपुग्यो त्यसमामिलामा । त्यो सरासर नेपालीको लागी आत्मघाती भो । नेपालीमनले त्यस्तो काम गर्नै सक्तैन भन्ने मेरो ठहर छ ।

देश नै खतरा हुने अति संवेदनशील बिषयमा जाबो १०/१५ हजार रुपैयाँमा बिक्ने दलका नेताहरु, छि कति घृणित काम गर्न सक्दो रहेछ । यी भनाईहरु मेरा होईन गाउँगाउँमा नागरिकता वितरण गरेको बेला पत्रिकाहरुमा छापेको मैले सापति लिएको हुँ । हाम्रो जस्तो सानो देशले मनपरी नागरिकता वितरण गर्दै जाने हो भने भोलि विदेशीको बहुमत हुनेछ र नेपालीहरु अल्पमत हुनेछ । यस्तो कार्य गर्ने जोकोहि होस् नेपाली हुनै सक्तैन । नेपाली नागरिकताको प्रमाणपत्र भएपनि रगत विदेशकै हो । नेपाल नरहे नेपाली पनि रहने छैन । अब फेरि बाबु वा आमामध्ये एकजना नेपाली भए तिनका सन्तानलाई बंशजको नागरिकता दिने भनिएको छ । बुबा नेपाली भएको नाता जोडेर भारतीयले बंशजको नागरिकता लिएको उदाहरण पनि पत्रिकाहरुमा पाएकै हो । अब रह्यो आमा नेपाली र बिदेशीबाबुको कुरा, नेपालको तराई भूभागमा पौरानिककाल देखि नेपाली चेली भारतको विभिन्न ठाउँमा बिहेबारी हुन्छ । त्यस्तै भारतका चेलीहरु पनि नेपालका विभिन्न ठाउँमा बिहेबारी भईरहेको छ । आमा नेपालीको हिसाबमा नेपाली नागरिकता वितरण गर्ने हो भने सीमानामा जन्मेका हाम्रा दिदी बहिनीको नेपाली नागरिकता नभएसम्म बिबाह हुँदैन र उहाँ को सन्तानको नाममा नागरिकता लिनकै लागिमात्र बिहे गर्छ । नेपालको उतर सीमाको कुरा पनि उस्तै हो । यदि नेपालको चलिबेतिले जन्माएका भरमा नागरिकता वितरण गर्ने हो भने भोलि उत्तरी सीमाबाट चीन र दक्षिण सीमाबाट भारतमा हाम्रै चेलिले जन्माएका सन्तानहरुलाई नागरिकता वितरण गरेमा स्वदेशी आमा बिदेशी बाबुका सन्तानको जनसंख्या कति हुने होला । के नेपालको भूभागले ठेग्न सक्छ । त्यसै गिद्धे आँखाले हामीलाई हेर्थ्यो हाम्रो प्राकृतिक सम्पदा हात पार्न अनेक षड्यन्त्र गर्थ्यो ।

यो प्रसंग लेख्दा लेख्दै भारतीय गृहमन्त्री सिंहले अभिव्यक्ति नेपालमा एक करोड भारतीय भएको र केहिले नेपाली नागरिकता पाएको र केहिले पाउने क्रममा भएका अभिव्यक्तिलाई छोप्न दूतावासको प्रेस वक्तव्यले भारतीय सरकारको नियत स्पष्ट छ । त्यसैले आमाको नामबाट यदि नागरिकता वितरण गर्ने हो भने यो देश भोलि फीजि हुन के बेर । हो एउटा कुरा सत्य के पनि हो भने नेपाली नै बाबु भएपनि आफ्नो सन्तानलाई छोडेर गएका निर्दयी बाबुहरु पनि छन् र नेपालमै आएर बसोबास गरेका बिदेशी बाबु र नेपाली आमाका सन्तान पनि छन् । ती र त्यस्ता मुद्दामा राज्यले छुट्टै व्यवस्था गर्नु पर्छ । सबैलाई एकै दालोमा हालेर नागरिकता वितरण गरेका भोलिको नेपालमा नेपाली खोज्नु पर्ने हुन्छ । यस्तो संवेदनशील कुरामा ध्यान दिएन भने हाम्रा राजनैतिक नेताहरु यात संवेदनहिन अथवा बिदेशिकै दवाबमा नागरिकताको मस्यौदा बनाएको हुन सक्छ । त्यस्तै महिला अधिकारको लागि आवाज उठाई रहनु भएका महिला दिदीबहिनीहरुले पनि यस्तो संवेदनशील कुरालाई ध्यानदिएर आफ्नो अधिकारको रक्षा गर्दा नेपाले गुम्ने खतरालाई मनन गर्न बिनम्र अनुरोध छ । यो कुनै व्यक्ति विशेषको मात्र समस्या नभएर समुल नेपालीको समस्या हो ।

धेरै वर्ष पहिले अफिसकै कामबाट भारतको कोलकताबाट रेलमा बसी रक्सोल हुँदै नेपालको बिरगंजमा आएको थिए । त्यो मेरो तेस्रो रेल यात्रा भएकोले मलाई कुनै अप्ठेरो भएको थिएन । रेलको डिब्बामा सँगैको सिटमा भारतीय नागरिक सँग चिनजान भयो । रातभरी विभिन्न विषयमा वादविवाद भयो । प्रसङ्गबस उक्त महानुभावले नेपालमा जग्गा किनेर बसोबास गर्ने कुरा निकाल्यो र जग्गा किन्न कस्तो विधि अपनाउनु पर्ने बारे मलाई प्रश्नहरु गर्न थाले । जवाफमा मैले नेपालमा नेपाली नागरिकले बाहेक अरु देशका नागरिकले जग्गा किन्न नपाउने जवाफ फर्काएँ । सो व्यक्तिले अनभिग्यता प्रकट गर्दै नेपालीहरु हाम्रो देशका धेरै ठाउँमा जग्गा किनेर बसेका छन् भारत सरकारले केहि रोकतोक गरेका छैन । नेपालमा हामीले किन नपाउने भन्ने जिज्ञासा गरे । त्यस बेला भारतको जनसंख्या करिब एक अर्ब थियो र नेपालको जनसंख्या एक करोड पचास लाख । प्रत्युउत्तरमा मैले भने नेपालको सबै जनता भारतमा आएर बसोबास गरेपनि भारतको जनसंख्यामा १/५ प्रतिशतमात्र बढ्छ । जब तिमीहरुको १/५प्रतिशत नेपालमा आयो भने नेपालको जन संख्या दोबर हुन्छ ।

नेपालको भौगोलिक क्षेत्रफलको आधारमा सो जनसंख्या धान्न सकिन्छ ? नागरिकताको सवालमा पनि यो प्रश्न लागू हुन्छ । अरु देशमा के गरे र त्यहाँको कानुन यस्तो छ हामी पनि यस्तै बनाउँ भन्ने सवाल उठ्दैन । त्यसैले नागरिकताको सवालमा आफ्नै देशको परिस्थिति र धरातललाई ध्यानमा राख्नु उपयुक्त हुनेछ । समथर भूभागमा जतिसुकै लडिबुडि गरेपनि खासै नोक्सान हुँदैन । तर भीरमा लडिबुडि खेल्दा भीरबाट खस्छ र लडिबुडि खेल्ने व्यक्ति घाईते हुन्छ र मर्न पनि सक्छ । अहिलेको हाम्रो धरातलीय स्थान नागरिकताको सवालमा भीरमा छ । त्यसमा हामी लड्यो भने ठूलो दुर्घटना हुनसक्छ ।

हाम्रा पुर्खाहरुले भन्ने गर्छ, नेपाल दुई ठूला ढुङ्गाको बीचको तरुल हो । तरुल ढुङ्गाबाट च्यापिन्छ हालसम्म च्यापिएकै छ र हाम्रा नेताहरुले सर्मथन गर्दै आएको छ । त्यसैले अब हामीहरुले होईन दुई ठूला ढुङ्गाको बीचमा इस्पात बन्नु पर्छ भन्ने मेरो थम्याई हो । हामीलाई जुन ढुँगाले च्याप्न खोज्छ ऊ आफै खिएर जान्छ । विभिन्न संचार माध्यम र पत्रिकाहरुमा प्रकाशित विचारहरु मध्ये महिला दिदीबहिनीहरुले आफ्नो सन्तानको नागरिकता आमाको नामबाट लिन पाउनु पर्ने धेरै जिकिर गरेको देखिन्छ । यो कुरा ध्रुव सत्य हो ९ महिना सम्म दुई जिऊको व्यथा त्यसपछि सुत्केरी व्यथा र आफ्नो सन्तान हुर्काउन बढाउन पालन पोषण गर्न धेरै हन्डर र थक्कर पार गरेर ठूला बनाउँछ र यो समाजमा एक योग्य सन्तान तयार गर्छ । तर हाम्रो संविधानले उहाँहरुको नामबाट उहाँकै सन्तानलाई नागरिकता किन नदिने उहाँहरुको माग सरासर जायज हो । त्यस्मा शतप्रतिशत मेरो पनि समर्थन छ । कुनै पुरुषले न त आफ्नो सन्तान जन्माउन सक्छ नत हुर्काउछ । केबल हुर्काउन केहि मद्दतमात्र गर्छ । प्रकृतिले महिला र पुरुषलाई कहिल्यै समान बनाएन । महिलालाई मात्र सन्तान जन्माउने जिम्मा दिएको छ । त्यसै कारण महिलालाई धर्ति पनि भनिन्छ । महिलाको मातृत्व महान छ । यसको ठाउँ पुरुषले कहिले काहिपनि लिन सक्दैन बरु महिलाले पुरुषको जस्तो बहादुरी देखाएका उदाहरणहरु धेरै छन् यो विश्वमा । नागरिकताको सवालमा हाम्रो धरातलीय स्थान सारै साघुँरो दायरा भित्र छ । हामी दुवैतिर बाट धेरै च्यापिएको छौं । कल्पना गर्नु होला, आमा नेपाली नागरिककै हिसाबले आमाको नामबाट नागरिकता दिने बन्दोबस्त भएमा अबको पाँचबर्षमा नेपालको जनसंख्या तीब्र गतिले बृद्धि हुन्छ र भोलिको माननीय सांसदहरु छिमेकी मुलुकमा जन्मेका नेपाली नागरिकता पाएका नागरिक हुने छन र सम्पूर्ण नेपालको मालिक बनेर नेपालीहरुलाई शासन गर्ने छन् । त्यसैले आफ्नो अधिकारको मात्र वकालत गर्दा देश गुमाउन नपरोस् । यस विषयमा अहिले नै हामी नेपालीहरुले बृहत छलफल गर्नु आवश्यक छ । फिजिमा भारतको महेन्द्र चौधरीले प्रधानमन्त्रीको चुनाव जितेकै हो । तर पछि सेनाले अपदश्त गरेर हताए । तर नेपालमा त्यो स्थिति पनि छैन । छिमेकी देश भारतले कसरी नेपालको भूभाग हडप्ने भन्ने दाउमा छ । के निहुँ गरुँ कनिका चपाउ भन्ने मनसायमा छ । त्यसैले एक एक पाईला गर्दै ऊ अगाडी बढ्दै हाम्रा सीमाहरु मिच्दै छ । हाम्रा शासकहरु त्यसैको सहारामा आफू कसरी सधैं शासन गरेर बस्ने धुनमा उतैको खुट्टा मिच्न तयार र देशको अश्मिता भेटी चढाएर शास्ताङ्ग डण्डवत गर्दछ । त्यसैले बरु नागरिकताको सवालमा ढिलै भएपनि यो देशको भविष्यलाई केन्द्रबिन्दुमा राखेर बृहतर छलफलको आवश्यक्ता छ । जुन छलफलको निष्कर्ष नेपालीको बृहतर हितमा होस् ।

प्रतिवेदन बङ्गयाइएकोमा माथेमाको आपत्ति

काठमाडौं। त्रिविका पूर्व उपकुलपति एवं 'चिकित्सा शिक्षा सम्बन्धि राष्ट्रिय नीति तर्जुमा उच्चस्तरीय कार्यदल'का संयोजक केदारभक्त माथेमाले विज्ञहरूको समितिले दिएको सुझाव तुहाएर मेडिकल क्षेत्रको विकृति यथावत राख्न खेल भइरहेको आरोप लगाएका छन् ।

'हाम्रो समितिले ६ महिना काम गरेर दिएको प्रतिवेदनबाट सरकारले मुटु, कलेजो, फोक्सो झिक्ने काम गरेको छ,' माथेमाले भने, 'सरकारले यस्तै व्यवहार देखाउने हो भने चिकित्सा शिक्षा सुधार्न हामी पनि आन्दोलनमा आउनुपर्ने हुन्छ ।'

डा. गोविन्द केसीको अघिल्ला अनसनहरूमा सरकारले चिकित्सा शिक्षा नीति तर्जुमा गरेर कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दै आएको थियो । त्यसै अनुसार माथेमाको अध्यक्षतामा कार्यदल गठन भएको थियो । आयोग सदस्यमा काठमाडौं विश्वविद्यालयका पूर्वउपकुलपति सुरेशराज शर्मा, डा. भगवान कोइराला , डा. अर्जुन कार्की, डा. मदन उपाध्याय, डा. रमेशकान्त अधिकारी, डा.गुणराज लोहनी र डा. हरिप्रसाद लम्साल थिए ।

असार १४ गते माथेमा कार्यदलको प्रतिवेदन बुझ्ने क्रममा प्रधानमन्त्री सुशील कोइरालाले तुरून्त कार्यन्वयनको आश्वासन दिएका थिए ।

'प्रधानमन्त्रीले यस्तै रिपोर्ट शिक्षाको अरू क्षेत्रमा पनि आवश्यक छ भन्नुभएको थियो,' माथेमाले भने, 'तुरून्त कार्यान्वयन होला भनेको दुई महिनासम्म प्रतिवेदनलाई घुमाएको घुमाई मुटु, कलेजो, फोक्सो झिक्ने काम पो भयो ।'

तत्कालीन मुख्य सचिव लीलामणि पौडेलले प्रधानमन्त्रीको निर्देशनअनुसार प्रतिवेदन कार्यान्वयनको निर्णय गराउन लगत्तैको मन्त्रिपरिषद् बैठकमा पेश गरे ।

उपप्रधान तथा गृहमन्त्री वामदेव गौतम, स्वास्थ्यमन्त्री खगराज अधिकारी र सिचाइमन्त्री एनपी सावदलगायत ८ जना मन्त्रीले विरोध गरेर मन्त्रिपरिषद्को सम्बन्धित समितिमा छलफल हुनुपर्ने माग राखे । प्रधानमन्त्रीले 'हुन्छ' भनिदिए ।



मन्त्रिपरिषद्ले वामदेव गौतम संयोजक रहेको सामाजिक समितिमा प्रतिवेदन पठायो । त्यहीं दिनबाट प्रतिवेदन 'तुहाउने' खेल सुरू भयो । 'मन्त्रिपरिषद्को सामाजिक समितिमा ३७ दिनसम्म प्रतिवेदन थन्कियो,' माथेमाले भने, 'डा. केसीले अनसन घोषणा गरेपछि थामथुम पार्न उहाँहरूले अर्को समिति बनाइ दिनुभयो ।'

राष्ट्रिय योजना आयोगका सदस्य यज्ञबहादुर कार्की सदस्य रहेको समितिमा अर्थ, शिक्षा र स्वास्थ्य सचिव सदस्य थिए । 'कर्मचारीहरूको यो समितिले बनाएको कार्ययोजनामा हामीले दिएको सुझाव सबै हत्या गरेछ,' माथेमाले भने, 'हामी कार्यदलका सदस्यहरूले शुक्रबार प्रधानमन्त्रीलाई भेटेर यसमा आपत्ति जनायौं ।'

चिकित्सा शिक्षालाई सुधार्न आवश्यक आधारभूत सुधारका सुझाव जति कार्की समितिले हटाएको निष्कर्ष निकालेर माथेमा कार्यदलका सदस्यहरूले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका हुन् ।

'सम्बन्धनलाई बेलगाम नछाड्ने खालका तीनवटा सिफारिस, डाक्टर पढ्न कम्तीमा ६० प्रतिशत ल्याउनुपर्ने, शुल्क ३५ लाख भन्दा बढी लिन नपाइने, विदेशी विद्यार्थीले पनि विश्वविद्यालयको प्रवेश परीक्षा पास गरेपछि मात्र भर्ना पाउने, विदेश पढ्न जानेले पनि नेपालको प्रवेश परीक्षा पास गरेको हुनुपर्नेलगायत सुझाव चट्चट् काटिएको रहेछ,' माथेमाले भने ।

पैसावाला हुनु डाक्टर पढ्ने एउटा मात्र योग्यता नबनोस्, तिक्ष्ण विद्यार्थीले डाक्टरी पढ्न पाउन र योग्य डाक्टर उत्पादन हुन् भन्ने उद्देश्यले आफूहरूले प्रतिवेदन तयार गरेको माथेमाले प्रधानमन्त्रीलाई शुक्रबारको भेटमा स्मरण गराएका थिए ।

'सुरेशराज शर्मा, अर्जुन कार्की, भगवान कोइराला, मदन उपाध्याय, रमेशकान्त अधिकारीलगायत प्रतिष्ठित विज्ञहरूले बनाएको रिपोर्ट कर्मचारीले ६ दिनमै उलटपुलट गर्न सक्ने रहेछन् भने हामीलाई किन काममा अन्हाएको ?,' माथेमाले प्रश्न गरेका छन् ।

जानकारहरूका अनुसार शिक्षामन्त्री चित्रलेखा यादव र स्वास्थ्यमन्त्री खगराज अधिकारी मेडिकल कलेज सञ्चालनमा व्याप्त व्यापारिकरणबाट चिन्तित छैनन् । सचिवहरूले विभागीय मन्त्रीको इसाराअनुसार प्रतिवेदन काँटछाँट गरेका हुन् ।

'काँग्रेससँग धेरै नजिक रहेका मेडिकल कलेज सञ्चालकहरूले माथेमा प्रतिवेदनलाई तुहाउन योजना आयोग सदस्य कार्कीलाई प्रभावित गरिरहेका छन्,' योजना आयोग स्रोतले भन्यो, 'सार्वजनिक स्थलमै प्रधानमन्त्री सुशील कोइरालालाई 'दाइ' भन्ने यिनलाई हात लिन सजिलै छ ।'

माथेमाले आफ्नो प्रतिवेदन र कार्कीको समितिले बनाएको कार्ययोजनालाई तुलना गरेर हेरेका छन् । 'धुलिखेल अस्पतालका राजेन्द्र कोजूले हामीसँग ३३ लाखमा एमबीबीएस पढाउन सकिन्छ भनेका थिए । नेपालगञ्ज मेडिकल कलेजका सुरेश कनौडियाको धारणा पनि यस्तै थियो,' माथेमाले भने, 'हाम्रो प्रतिवेदनलाई मेडिकल सञ्चालकहरूले चाहेभन्दा पनि बढी काँटछाँट गरेर कर्मचारीहरूको समितिले अँग्रेजी भनाइ 'मोर क्याथोलिक द्यान पोप' लाई चरितार्थ गरेका छन् ।'

गाईजात्रा २०७२ पाँगा, कीर्तिपुरका केही झलकहरू













ज्वज्वलपा पुनः प्रकाशन हुने

कीर्तिपुर क्षेत्रबाट प्रकाशित नेपाल भाषाको साप्ताहिक पत्रिका 'ज्वज्वलपा' पुनः प्रकाशन हुने भएको छ ।

वि.सं. २०६६ सालमा नेपाल सरकार जिल्ला प्रशासन कार्यालयमा दर्ता भई प्रकाशित पत्रिका विशेष कारण ५ वर्ष अधि बन्द भएको थियो ।

अब प्रत्येक हप्ताको आइतबार नजरराम महर्जनको प्रकाशकमा श्रीकृष्ण तण्डुकारको सम्पादनमा प्रकाशित हुन लागेको प्रकाशक महर्जनले बताउनुभयो ।


घर/फल्याट भाडामा

का.जि. कीर्तिपुर न.पा वडा नं १७, नयाँबजार बाहिरीगाउँस्थित यस कीर्तिपुर बहुउद्देश्यीय सहकारीको कार्यालय रहेको ६ तल्ले भवनको पाचौं तथा छैठौं तल्लाको फल्याट (प्रतितल्ला करीव ३२०० स्क्वायर फीट) भाडामा लिन इच्छुक व्यक्ति वा संघ-संस्थाले २०७२/०६/२५ गतेभित्र कार्यालय समयमा सम्पर्क गरी लिखित रूपमा पेश गर्नुहुन अनुरोध गरिन्छ । भाडा दर आपसी सहमतिमा तय गरिनेछ ।



कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.
की.न.पा-१७, नयाँबजार
फोन नं.: ४-३३०६०९/३३५५५१
kirtipurcoop@gmail.com

अनिच्चवत संखारा उप्पादवय धम्मिनो ।
उपज्झित्वा निरुज्झान्ति वेस उपोसमो सुखोति ।।
अनिच्चावत संखारा
निर्वाण कामना



बुन्हि:
ने.स. १०४८ बछला दशमी
वि.सं. १९८५ जेठ ११ कृष्ण दशमी

मदुगु न्हिः
ने.स. ११३५ गुल्ला दशमी मंगलवाः
वि.सं. २०७२ भाद्र ८ श्रावण शुक्ल दशमी

मदुम्हः देव बहादुर मानन्धर (गुरूँ)
किपू-१७, न्हू बजाः यें
थकाली
श्रीपञ्चमी मानन्धर गुथि किपू- ६, कुटिसा त्वा यें

थुगुः श्रीपञ्चमी मानन्धर गुथि किपू- ६ कुटिसा त्वाः यें या
थकाली देव बहादुर मानन्धर (गुरूँ) आका झाका
मदुगु २०७२/०५/२० गते झि स्वन्हुया पुण्य तिथिस मदुम्ह वयक यात
सुखावति भुवनय् बास लायेमा धईगु कामना यासें
दुःख कःपिं सकलः छेजः पिन्स धैर्य धारण याये फयेमा धका थुगु
श्रीपञ्चमी मानन्धर गुथी पाखें विचा हायेका च्वना ।

नायो
सिद्धिकुमार मानन्धर
व
श्रीपञ्चमी मानन्धर गुथि
किपू-६, कुटिसा त्वा यें
सकल जः
फोन नं. ल्याः ०१४३३१४६५

साहित्य स्तम्भ

कविता



- राम महर्जन
कीनपा-१६, नगाउँ

दैव तिमी कहाँ छ कुन्नी ?

सबै भन्छन् दैव जहाा तहीा छन्
मलाई लाग्छ दैव कहाा छ कुन्नी
न भेतीयो कहिले न पायो दर्शन नै
तै पनि पुजि रहृयौ जुनि भर
दैवको आसिर्वाद पाउनको लागी
सदैव गइरहेछौा ईश्वरको शरणमा
न पायो दर्शन कहिले
न सुनियो कुनै बोली
भन्छन् सबै प्रत्येक प्राणीको मन मनमा
ईश्वरको बास पाउछौ हामी
खै यो कुरा पनि भरपर्दो देखिएन
नत्र मानव किन राक्षसरुप लिन्छन्
ईश्वररुपि मानिसहरु त
निश्वार्थ, मायालु र सहयोगी हुनु पर्ने
यस्तो मान्छे त यहाा बिरलै पाउछन्
मिठो मसिनो बोल्ने निश्वार्थ कहाा छ कुन्नी
जो जो व्यक्ति शक्तिशालि छन्
चाहिदैन उनिहरुलाई कुनै संस्कृति
जो जो व्यक्ति निमुखा र निर्धा छन्
चाहिन्छ उनिहरुलाई सबै संस्कृति
त्यसैले दैव भन तिमी कहाा छ
धनीको मनमा कि गरिबको मनमा
गाउा, सहर, पाखा पर्वत र
नदि नाला वन जङगल कहाा छ तिमी ?
जो जो व्यक्ति छत्तु स्याल झै चलाख छन्
उनीहरुमात्र मोटा घाटा र चिल्ला छन्
जो जो व्यक्ति सोजा र सिधा छन्
तिनीहरु मात्र जिउन पनि मुस्किल
ठुला दरबारमा बस्नेहरुलाई
यो नेपाल सुन्दर र राम्रो छ
जो जो व्यक्ति झुप्रा र कच्चि घरमा बास छन्
उनीहरुको दुर्दशामा तिमी चुप चाप छौ किन ?

बालकविता

- सुनिता थिङ्ग (तामाङ्ग)
वैष्णवी मा.वि.

नेतालाई

कहिल्यै सप्रिएन देश हाम्रो
सँधै अशान्तिको ज्वाला दन्किरहेको छ
सुन्न पाएनौं कहिल्यै देशको राम्रो खबर
सधैं यो मन जलिरहेको छ ।

किन यो सिङ्गो राष्ट्रलाई
टुक्रयाउन चाहन्छन् नेताहरु
किन यो सुन्दर धर्तीलाई
बिगार्न चाहन्छन् नेताहरु ।

आफू ठूला महलमा बसी
जनतालाई सडकमा सुताउँछन्
आफू मीठा भोजन गरी
जनतालाई भोकभोकै रुवाउँछन् ।

त्रिविले.....

भागवण्डाले गर्दा नियुक्तिसँगै विरोधको मारपनि खानुपऱ्यो ।

हालै त्रिविमा कीर्तिपुरका बासिन्दा प्रा.डा.हिरा बहादुर महर्जनको ४ वर्ष कार्यकाल सकेर नयाँ नियुक्त हुनुभएका प्रा.डा. तीर्थ खनियाँ पनि उपकुलपति बनेसँगै विरोधको सामना गरिरहन बाध्य भएको छ ।

पूर्व उपकुलपति एमालेको तर्फबाट नियुक्त भएपछि कार्यकक्षमा बस्न नपाई प्रजातान्त्रिक नेपाल प्राध्यापक संघले केन्द्रीय कार्यालय र कार्यकक्षमा ताला लगाई ५ महिना कार्यकक्ष बाहिर काम गर्न बाध्य बनायो ।

अहिले नयाँ नियुक्ति उपकुलपति खनियाँ विरुद्ध एमाले निकट प्रगतिशील प्राध्यापक संघले मुख्य गेट र कार्यकक्षमा तालाबन्दी गरेका छन् ।

नेपाली काँग्रेसको मनोमानी नियुक्त गरेको विरोधमा अनिश्चितकाल तालाबन्दी गरेको अब कतै २ महिना नै पुऱ्याउने होला । विश्वविद्यालय जस्तो गरिमामय शैक्षिक केन्द्रमा इज्जतदार ढंगले प्रणालीबद्ध कार्य गर्ने र त्यस्तो इज्जतदार उपकुलपति कहिले पाउने ।

पेट्रोलियम पदार्थको मूल्य घट्यो



काठमाडौं । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ ।

पेट्रोलमा प्रतिलिटर २ रुपैयाँ ५० पैसा घटाइएको छ । डिजेल र मटितेलमा २ रुपैयाँ मूल्य घटेको छ ।

नयाा मूल्य अनुसार अब पेट्रोलको मूल्य लिटरको १०४ रुपैयाँ भएको छ । डिजेल र मट्टितेल भने ८२ रुपैयाँ भएको छ ।

निगमले खाना पकाउने एलपी ग्यासको मूल्य पनि समायोजन गरेको छ ।

ग्यासमा प्रतिसिलिण्डर ३५ रुपैयाँ मूल्य घटेको छ । अब ग्यास प्रतिसिलिण्डर १४०० रुपैयाँ भएको छ ।

नेपालबारे मून



काठमाडौं । राष्ट्र संघका महासचिव बान कि मूनले नेपालको संविधान जारी हुन लागेको समयमा देशमा देखा परेका घटनालाई लिएर दुःख व्यक्त गर्दै सबै नेपाली भत्ताको हितमा मिलेर संविधान लेख्न आग्रह गर्नुभएको छ ।

कीर्तिपुर नगरपालिका र जनस्वास्थ्य सरोकार ट्रष्ट (फेक्ट-नेपाल) बीच सम्झौता

प्रस्तावना:
कीर्तिपुर नगर क्षेत्रमा हालसम्म पनि पर्याप्त मात्रामा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुन नसकिरहेको तथ्यलाई हृदयङ्गम गर्दै, २०५१ साल पौष ६गते तत्कालीन लायकू गा.वि.स. र जनस्वास्थ्य सरोकार ट्रष्ट (फेक्ट नेपाल) बीच भएको सहमतिको आधारमा अस्पताल निर्माणको लागि सोही गा.वि.स. वडा नं. २ (ग) कि.नं. १ को ५२-०-०-० रोपनी जग्गा फेक्ट-नेपाललाई प्रदान गर्न कीर्तिपुर क्षेत्रबाट खोलिएको महत्वपूर्ण भूमिका र मिति २०५२ भाद्र १५ मा फेक्ट नेपालको भोगाधिकार रहने गरी तत्कालीन श्री ५ को सरकार मन्त्री परिषद्बाट प्राप्त गरी स्वास्थ्य कार्यक्रम संचालन गर्न प्रयासरत रहेको सन्दर्भमा हालसम्म फेक्ट नेपालद्वारा अप्ठ्यारा र विकटताको वावजुद स्वास्थ्य सम्बन्धी विभिन्न चरणमा भौतिक पूर्वाधार निर्माण तथा सामुदायिक स्वास्थ्य एवं अस्पताल सेवाहरु क्रमिकरुपमा विकास विस्तार गर्दै निकट भविष्यमा शिक्षण अस्पताल स्थापना समेतको अवधारणालाई अधि बढाउने कार्य गरी कीर्तिपुर जनसमुदायमा सेवा प्रदान गर्दै आएको अवस्थाको उच्च मूल्याङ्कन गर्दै ।

जन सहभागितामा आधारित स्वास्थ्य सेवा कार्यक्रम तथा अस्पताल सेवालाई थप विकास तथा विस्तार गरी शिक्षण अस्पतालको अवधारणालाई समेत यथाशीघ्र मूर्तरुप दिने उद्देश्यले अभिप्रेरित भई, आधारभूत स्वास्थ्य सेवा सरल तथा सुलभ रुपमा पाउने नागरिकको अधिकारलाई आत्मसात गर्दै, कीर्तिपुर अस्पताललाई त्रि.वि.वि. शिक्षण अस्पतालको शैक्षिक कार्याक्रमको रुपमा पुष्पलाल शिक्षण अस्पतालको नाममा विकास गरी शैक्षिक कार्यक्रम तथा अन्य स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु संचालन गर्न २०७१ मंसिर १० मा त्रि.वि.वि. र जना स्वास्थ्य सरोकार ट्रष्टबीच सम्पन्न सम्झौतालाई कार्यान्वयन गर्न गराउन आ-आफ्नो तर्फबाट क्रियाशील रहने प्रतिवद्धता व्यक्त गर्दै, सो सम्झौता बमोजिम त्रिभुवन विश्वविद्यालयको शिक्षण अस्पतालको शैक्षिक कार्यक्रम पुष्पलाल शिक्षण अस्पतालमा बिस्तार भएपछिको सञ्चालन प्रक्रियामा समेत कीर्तिपुर नगरपालिकाको निर्णायक र महत्वपूर्ण भूमिका रहने सुनिश्चितता गर्दै, कीर्तिपुर नगरपालिका क्षेत्रमा क्रियाशील राजनैतिक दलहरुको सक्रिय सहभागिता एवं उपस्थितिमा कीर्तिपुर अस्पताल संचालन गर्ने व्यवस्था सम्बन्धमा तपसिल बमोजिम गर्ने गरी यो सम्झौता गरिएको छ ।

शर्तहरू:

१) अस्तताल व्यवस्थापन समिति सम्बन्धमा:

क) कीर्तिपुउर अस्पताल संचालनको लागि निम्न अनुसारको व्यवस्थापन समिति गठन गरिनेछ । उक्त समितिमा कीर्तिपुर नगरपालिका, कीर्तिपुरको राजनैतिक, सामाजिक, बौद्धिक क्षेत्रमा विशेष योगदान पऱ्याएका नागरिकहरु मध्येबाट प्रतिनिधित्व हुने गरी कीर्तिपुर नगरपालिकाबाट मनोनित प्रतिनिधिहरु, फेक्ट नेपालको प्रतिनिधिहरु रहने गरी जम्मा १३ जनाको व्यवस्थापन समिति गठन गरिनेछ । उक्त समितिको अध्यक्षमा कीर्तिपुर नगरपालिकाको प्रमुख रहनेछ ।

२) व्यवस्थापन समितिको गठन:

क) अध्यक्ष: कीर्तिपुर नगरपालिका प्रमुख
ख) उपाध्यक्ष: जनस्वास्थ्य सरोकार ट्रष्ट प्रतिनिधि
ग) सदस्य सचिव: कीर्तिपुर अस्पताल निर्देशक
घ) सदस्य: कीर्तिपुर नगरपालिकाको सिफारिसयमा कीर्तिपुरको स्थानीय सामुदायिक प्रतिनिधित्व हुने गरी ५ जना । उक्त ५ जना प्रतिनिधिहरु मध्ये १ जना व्यक्ति कीर्तिपुर नगरपालिका वडा नं. २ को वडा अध्यक्ष वा वडा नं. २ कै स्थानीय निवासी हुनेछ ।
ङ) सदस्य: जन स्वास्थ्य सरोकार ट्रष्टबाट प्रतिनिधित्व हुने गरी ५ जना ।

३) सम्झौताको बुँदा नं. २ अनुरुप व्यवस्थापन समितिको गठन भइसकेपछि उक्त समितिले अस्पतालको संचालन, व्यवस्थापन एवं उत्थानको लागि आवश्यक नीति, नियम, योजना, कार्यक्रम एवं बजेट तर्जुमा गरी अनुमोदान गर्न आवश्यक निर्णय लिनेछ ।

४) अस्पताल व्यवस्थापन सम्बन्धी मूल अवधारणा:

यस सम्झौता अनुसार मिति २०७१ मंसिर १० गते फेक्ट नेपाल र त्रिभुवन विश्वविद्यालय बीच भएको सम्झौतामा कीर्तिपुर अस्पतालसँग सम्बन्धित बुँदाहरुको हकमा यसै समितिले गरेको सरह मान्य हुनेछ साथै उक्त सम्झौतालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न ठोस् कार्ययोजनाका साथ गृहकार्य गर्ने दायित्व पूरा गर्नेछ ।

५) व्यवस्थापन समितिको दायित्व:

क) अस्पतालको संचालन सम्बन्धी व्यवस्थापन गर्ने
ख) अस्पताल संचालनको लागि दीर्घकालीन र अल्पकालीन नीति तथा योजना तुर्जमा गर्ने
ग) अस्पताल व्यवस्थापन तथा पूर्वाधार निर्माण र संचालनको लागि आवश्यक आर्थिक तथा भोतिक साधर र स्रोत जुटाउन सक्रिय भूमिका निभाउने
घ) अस्पतालको बजेट पारित गर्ने
ङ) अस्पतालको सेवा शुल्क अनुमोदन गर्ने
च) अस्पताल संचालनको लागि जनशक्ति पदपूर्ति सम्बन्धी सेवा शर्त पारित गर्ने
छ) अस्पतालको भौतिक सम्पत्ति संरक्षण र सम्बर्द्धन गर्ने
ज) उपरोक्त कार्य कार्यान्वयन गर्न आवश्यक अन्य कार्यत्रहरु गर्ने
झ) बुँदा (च) मा उल्लेख भए अनुसारको सेवा शर्त अनुमोदन सम्बन्धमा कीर्तिपुरमा स्थानीय स्थायी बासिन्दाको निमित्त उच्च प्राथमिकता साथ कोटा निर्धारण गर्ने व्यवस्था गरिनेछ । अर्धदक्ष तथा अदक्ष जनशक्तिको हकमा Out Outsourcing बाट नै व्यवस्था गरिनेछ ।

नूरहरी खतिवडा
कार्यकारी प्रमुख
कीर्तिपुर नगरपालिका
दवढोका, काठमाडौं

डा. भरत कुमार प्रधान
संस्थापक, कार्यकारी निर्देशक
जनस्वास्थ्य सरोकार ट्रष्ट
(फेक्ट-नेपाल)

छतबाट खसेर जोशीको निधन

कीर्तिपुर । कीर्तिपुर नपा वडा नं. ३ निवासी स्तम्भ बचत तथा ऋण सहकारी संस्था लि.का संस्थापक अध्यक्ष विकाशानन्द जोशीको १२ गते शनिबार जनैपूर्णिमाको दिन आफ्नै घरको छतबाट खसी निधन भएको छ ।

परिवार स्रोतको अनुसार हरेक दिन विहान कौशीमा रहेको मौरीको घार हेरविचार गर्नेक्रममा शनिबार पनि पुगेको थियो । अक्समात चिम्लेर खसेपछि निधन भएको बताउनुभयो ।

२०४० सालमा तत्कालीन चिट्ठू विहार गाउँ पंचायतका प्रधान पञ्च भई कार्य गरिसक्नुभएका जोशी विभिन्न सामाजिक संस्था जोशी समाज, सोफेस नेपाल, दवुचा विचा: संघमा आवद्ध हुनुहुन्छ ।



हेरा नन्द जोशी र नानी जोशीको कोखबाट पहिलो सन्तानको रुपमा जन्मेका ६६ वर्षीया जोशीको श्रीमती, २ छोरा र १ छोरी छन् ।

भूकम्प पीडितहरूको व्यवस्थापनबारे अन्तरक्रिया सम्पन्न

नेकपा माओवादी कीर्तिपुर इलाका समितिको आयोजनामा भूकम्प पीडितहरुको व्यवस्थापनमा राज्य र नागरिक समाजको दायित्व विषयक अन्तरक्रिया कीर्तिपुरस्थित कृष्ण क्याटरिङ्ग हलमा सोमबार सम्पन्न भयो ।

पूर्व सभासद् पार्वती थापा मगरको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कीर्तिपुर नगर समितिका रमेश कुमार महर्जनले विषयवस्तुबारे अवधारणा पत्र प्रस्तुत गर्नुभएको थियो ।

विषय प्रवेशसँगै राष्ट्रिय र स्थानीय कीर्तिपुरको क्षतिको विवरण पेश गर्दै दातृ राष्ट्रको राहत, उद्धार र **पुनरवासमा** राष्ट्र र अन्तर्राष्ट्रिय सरकारी र गैरसरकारीको नाम पेश गरेको थियो ।

भूकम्पपीडितका व्यवस्थापनामा राज्यबाटै खासै उपलब्धीमूलक सहयोग र दायित्व पूरा नगरेको भन्दै सत्तासिन दलको निर्देशनमा कर्मचारी मार्फत् राहतमा भ्रष्टाचार गरेपनि राज्य चुप लाग्नु जस्ता कार्य गरेकोमा खेद व्यक्त गर्दै संविधान दिने नाममा देश असफल राज्य बनाउने आभाष मिलेको उल्लेख गरेको छ ।

पीडितको पीडालाई राज्यबाट केही ऋण दिने आश्वासन गरेपनि कार्यान्वयनमा ढिला भएको भन्दै स्थानीय निकाय नगरपालिका र सेवाग्राही संस्थाले आ-आफ्नो दायित्व पूरा गर्नुपर्ने र नपाले ६० प्रतिशत कर छुट होइन भूकम्प मैत्री बजेट ल्याएर पीडितहरुलाई सम्पूर्ण कर छुट दिनुपर्ने माग गरेका छन् ।

अन्तरक्रिया कार्यक्रममा प्रा.डा. शिवशरण महर्जनले यस्तो कार्यक्रम नपाले गर्नुपर्ने, सांस्कृतिक सम्पदा संरक्षण गर्नुपर्ने, नयाँ निर्माणमा कम्तीमा ४ फिट वाटो छोड्नुपर्ने बताउनुभयो ।

एमालेका रमेश महर्जनले एनजीओ र आइएनजीओको सहयोगमा पुनःनिर्माण गर्नुपर्ने, नेमकिपाका हरिकुमार महर्जनले राज्यको उपस्थितिमा सही निर्णय र कार्यान्वयन गरी आफ्नो दायित्व पूरा गर्नुपर्ने बताउनुभयो । नेपा पार्टीका कृष्णहरी महर्जनले देशको अवस्था ठीक नभएको समयमा नपा राहत सम्बन्धी पारदर्शी हुनुपर्ने बताउनुभयो ।

भूकम्प राहत कोषका कीर्तिपुरका ज्ञानुराजा महर्जनले हामी सबै मिलेर काम गर्नुपर्ने, प्रा.डा. चन्द्रमान बज्राचार्यले कार्यक्रम अतिमहत्व छ । राज्य र नागरिकको दायित्व भन्यो पार्टीको दायित्व के भन्ने प्रश्न गर्नुभयो ।

कीर्तिपुर नपाका कार्यकारी अधिकृत नूरहरी खतिवडाले नपाको आफ्नै स्रोत कमजोर रहेकोले पीडितको पूर्ण कर छुट गर्न चाहेर पनि ६० प्रतिशतसम्म छुट दिने परिषद्बाट पारित गरेको छ भन्नु हुँदै सांस्कृतिक सम्पदा निर्माणमा सक्दो सहयोग जुटाउने प्रयास गर्ने बताउनुभयो ।

सरव महर्जनले नपामा आएको राहत वडामा क्रियाशील विपद् व्यवस्थापन समितिलाई हस्तान्तरण गर्नुपर्ने बताउनुभयो ।

प्रमुख अतिथि थापा मगरले भवन निर्माण आचारसंहिता लागु गर्नुपर्ने, राहतमा हिनामिना गर्नेलाई कारवाही गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमको सभापति देवेन्द्र श्रेष्ठले गर्नुभएको थियो भने पत्रकार नजरराम महर्जन र कृष्ण तामाङगले पनि बोल्नुभएको थियो

युनाइटेड व्याडमिन्टनको फाइनल शनिबार

युनाइटेड इन्टरनेशनल म्यानपावर क. लि.को आयोजनामा भएको दोस्रो युनाइटेड कप व्याडमिन्टन प्रतियोगिताको फाइनल खेल शनिबार हुने भएको छ ।

मेन्स डबलमा ६४ वटा टीम र एकलमा ३२ टीम सहभागी खेलको अन्तिम ४ को खेल सेमिफाइनल खेल आज हुँदैछ ।

सेमिफाइनलमा मेन्स डबलमा सशिन डंगोल र सनिल शाक्य, अभिषेक गुरुङ्ग र तीर्थ मल्ल, दत्त थापा र रितेश श्रेष्ठ, सरोज मालाकार र दिनेश महर्जन र सिङ्गलमा नीर बिक्रम देवकोटा, राजु महर्जन, जीवन आचार्य र सशिन डंगोल पुगेका छन् । बिहीबार सम्म क्वाटर फाइनलका खेलहरु समापन भएको थियो ।

खेलमा कीर्तिपुर व्याडमिन्टन क्लवका सरोज मालाकार, राजु महर्जन, रमेश श्रेष्ठ, ईश्वरमुनी बज्राचार्यलगायतले



रेफ्री र लाइन्समेनको भूमिका निभाइरहनु भएको छ ।

प्रतियोगितामा विजयी डबलका खेलाडीलाई रु.१६०००।-, रु.९०००।-, रु.४०००।- र रु.४०००।- र एकलतर्फ रु.७०००।-, रु.५०००।-, रु.२०००।- र रु.२०००।- प्रथम, द्वितीय, तृतीय र सान्त्वना नगद पुरस्कार सहित ट्रफी मेडल हात पार्नेछ ।

खेल भाद्र १२ गतेबाट सुरु भएको हो ।

प्रतियोगिताको उद्घाटन सभासद् एवं वैदेशिक रोजगार व्यवसायी संघका पूर्व संस्थापक अध्यक्ष महेन्द्र शेरचनले पानसमा दीप प्रज्ज्वलन गरी गर्नुभएको थियो ।

जीवनराम श्रेष्ठ ओलम्पिक अध्यक्ष



नेपाल ओलम्पिक संघका महासचिव जीवनराम श्रेष्ठ भाद्र १७ गते भएको निर्वाचनमा अध्यक्षमा निर्वाचित भएको छ ।

२३ ओलम्पिक सदस्य र २३ जना ओलम्पिक सदस्यहरुको मतदानबाट १९ मत प्राप्त गरी श्रेष्ठ अध्यक्षतामा निर्वाचित भएको हो ।

उहाँको प्रतिद्वन्द्वीले ९ मत प्राप्त गरेका थिए ।

नेपाल ओलम्पिक कमिटीमा अध्यक्ष सहित ९ पदका लागि निर्वाचन भएको हो ।

नयाँ पदाधिकारीले यही अक्टोवरदेखि ४ वर्षसम्म नेतृत्व गर्नेछ ।

जाँड-रक्सी
को कुलत थाहै नदिई छुटाउने
ढाड-कम्मरको दु:खाई निको पार्ने
घुँडाको दुखाई निको पार्ने
मोटोपना तुरुन्तै घटाउन/बढाउन
चाराँ-पोतो, डण्डीफोर, चाउरीपना, गर्भावस्थापछिको पेटको चिरा हटाउन
पुरुष यौन उत्तेजना बढाउन, लिङ्गको लम्बाई तथा मोटाई बढाउन
स्तन घटाउन तथा बढाउन
कपाल झर्न तुरुन्तै रोक्न
फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग
नेपाल टेलिकमको ठीक अपोजिट
कीर्तिपुर, बाहिरीगाउँ
फोन नं. ४३३६७०१,९८०३५०२२५९

हार्दिक श्रद्धाञ्जली



स्व. विद्यानन्द जोशी
जन्म: वि.सं. २००६ असार
स्वर्गारोहण: वि.सं. २०७२/०५/१२

यस संस्थाका मानार्थ सदस्य तथा समाजसेवी जोशीननी कीर्तिपुर निवासी
श्री विद्यानन्द जोशीको
यही २०७२ भाद्र १२ गते असामयिक निधन भएकोले मृत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।
यस दु:खद् घडीमा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

प्रा.डा. रामकृष्ण महर्जन
अध्यक्ष तथा
सोफेस नेपाल परिवार
कीर्तिपुर, काठमाडौं

नयाँ नेपालको परिकल्पना,
मानव बेचबिखन रहित समाजको सृजना

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

